नेपाल सरकार

# रामधुनी-भासि नगरपालिका कार्यालय

भुम्का, सुनसरी

प.स. ०७२।०७३
च.न. ४९२

मिति : २०७३।०३।३१

**विषय : स्वयं कर घोषणा सर्म्बन्धमा ।**

श्रीमान् अध्यक्ष ज्यू
.......................टोल विकास संस्था,
रामधुनी भासि वा.नं. ................

प्रस्तुत विषयमा रामधुनी भासिले एकिकृत सम्पतीकर २०७३ श्रावण १ गते देखि लगाउने भएकोले सो सम्वन्धि नगरपालिका वाट जारी गरिएको सुचना तथा जानकारी मुलक सामाग्री यसै पत्र साथ राखि पठाएको छ । आफ्नो टोल विकास क्षेत्र भित्रका सदस्यहरूलाई आ-आफनो सम्पतीको विवरण स्वयं घोषणा विधि वाट घोषणा गर्नकोलागि अनुरोध जानकारी गराई दिन हुन अनुरोध छ ।

..................
प्रमोद कुमार चौधरी
कार्यकारी अधिकृत
रामधुनी-भासि नगरपालिका

रामधुनी भासी नगरपालिका कार्यालय

# एकीकृत सम्पत्तिकर सम्बन्धी जानकारी

**पृष्ठभूमि :**

नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन स्थानीय स्तरमा नै निर्णय गर्ने अधिकार दिई स्रोत संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले मालपोत वा भूमिकर र घरजग्गाकरको सट्टामा एकीकृत सम्पत्तिकर लगाउनसक्ने व्यवस्था गरेको छ । नेपालमा सम्पत्तिकरको सुरुआत आर्थिक ऐन, २०१६ बाट सहरी क्षेत्र घरजग्गाकरको नामबाट भएको थियो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ लागू भएपछि वित्तीय स्वायत्तता तथा कराधिकार स्थानीय निकायलाई उपलब्ध गराउने क्रममा २०५७ सालमा घरजग्गाकर उठाउने अधिकार नगरपालिकाले पाएको थियो । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम नगरपालिकाले घरजग्गाकर वा एकीकृत सम्पत्तिकरमध्ये कुनै एउटा कर लिन पाउने व्यवस्था अनुसार रामधुनी भासी नगरपालिकाले यो कर २०७३ साल श्रावण १ गते देखि लागु गर्न लागेको हो ।

**एकीकृत सम्पत्ति कर के हो ?**

एकीकृत सम्पत्ति कर भन्नाले नगर क्षेत्रको जग्गा र त्यस्तो जग्गामा बनेको भवन, सेड, ग्यारेज जस्ता भौतिक संरचना सम्झनु पर्दछ । यो करको दायरामा नगरक्षेत्र भित्र आफ्नो स्वामित्वमा जग्गा वा संरचना भएका सम्पुर्ण व्यक्तिहरु आँउदछन् । यो कर लागेपछि मालपोत लाग्दैन र यो कर तिरेको निस्सा नै जग्गामा लाग्ने मालपोत तिरेको प्रमाण समेत हो ।

**करको दर कति छ ?**

नगक्षेत्र भित्रको प्रत्येकको व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा तथा संरचनालाई एकै स्थानमा मूल्यांकन गरी कर मूल्यांकन रकमको आधारमा कर लिईन्छ । यो करको न्यूनतम दर रु २५ (पच्चिस) छ भने अधिकतमको सिमा छैन । सम्पत्ति मूल्यांकनको आधारमा कर लिईने भएकोले उदाहरणको लागि सम्पत्तिको मूल्यांकन र नगरपालिकाले निर्धारण गरेको दरको आधारमा लाग्ने कर तल दिईएको छ ।

| क.स. | विवरण | एकीकृत सम्पत्ति कर | |
|---|---|---|---|
| १ | रु. १ देखि २ लाख सम्म | २५।०० | पच्चिस रुपैया मात्र |
| २ | रु. २ लाख १ देखि ३ लाख सम्म | ५०।०० | पचास रुपैया मात्र |
| ३ | रु. ३ लाख १ देखि ४ लाख सम्म | ७५।०० | पचहत्तर रुपैया मात्र |
| ४ | रु. ४ लाख १ देखि ५ लाख सम्म | १००।०० | एकसय रुपैया मात्र |
| ५ | रु. ५ लाख १ देखि ६ लाख सम्म | १२५।०० | एकसय पच्चिस रुपैया मात्र |
| ६ | रु. ६ लाख १ देखि ७ लाख सम्म | १५०।०० | एकसय पचास रुपैया मात्र |
| ७ | रु. ७ लाख १ देखि ८ लाख सम्म | १७५।०० | एकसय पचहत्तर रुपैया मात्र |
| ८ | रु. ८ लाख १ देखि ९ लाख सम्म | १९०।०० | एकसय नब्बे रुपैया मात्र |
| ९ | रु. ९ लाख १ देखि १० लाख सम्म | २००।०० | दुइसय रुपैया मात्र |
| १० | रु. १० लाख १ देखि १२ लाख सम्म | २५०।०० | दुइसय पचास रुपैया मात्र |
| ११ | रु. १२ लाख १ देखि १४ लाख सम्म | ३००।०० | तीनसय रुपैया मात्र |
| १२ | रु. १४ लाख १ देखि १६ लाख सम्म | ३५०।०० | तीनसय पचास रुपैया मात्र |
| १३ | रु. १६ लाख १ देखि १८ लाख सम्म | ३८०।०० | तीनसय असी रुपैया मात्र |
| १४ | रु. १८ लाख १ देखि २० लाख सम्म | ४००।०० | चारसय रुपैया मात्र |
| १५ | रु. २० लाख १ देखि २२ लाख सम्म | ५००।०० | पाचसय रुपैया मात्र |
| १६ | रु. २२ लाख १ देखि २४ लाख सम्म | ५५०।०० | पांचसय पचास रुपैया मात्र |
| १७ | रु. २४ लाख १ देखि २६ लाख सम्म | ६५०।०० | छसय पचास रुपैया मात्र |
| १८ | रु. २६ लाख १ देखि २८ लाख सम्म | ८००।०० | आठसय रुपैया मात्र |
| १९ | रु. २८ लाख १ देखि ३० लाख सम्म | १०००।०० | एकहजार रुपैया मात्र |
| २० | रु. ३० लाख १ देखि ३४ लाख सम्म | १२००।०० | एकहजार दुइसय रुपैया मात्र |
| २१ | रु. ३४ लाख १ देखि ३८ लाख सम्म | १५००।०० | एकहजार पाचसय रुपैया मात्र |

| | | | |
|---|---|---|---|
| २२ | रु. ३८ लाख १ देखि ४२ लाख सम्म | २०००।०० | दुइहजार रुपैया मात्र |
| २३ | रु. ४२ लाख १ देखि ४६ लाख सम्म . | २५००।०० | दुइहजार पांचसय रुपैया मात्र |
| २४ | रु. ४६ लाख १ देखि ५० लाख सम्म | ३०००।०० | तीनहजार रुपैया मात्र |
| २५ | रु. ५० लाख १ देखि ६० लाख सम्म | ३५००।०० | तीनहजार पाचसय रुपैया मात्र |
| २६ | रु. ६० लाख १ देखि ७० लाख सम्म | ४५००।०० | चारहजार पांचसय रुपैया मात्र |
| २७ | रु. ७० लाख १ देखि ८० लाख सम्म | ६०००।०० | छहजार रुपैया मात्र |
| २८ | रु. ८० लाख १ देखि ९० लाख सम्म | ८०००।०० | आठहजार रुपैया मात्र |
| २९ | रु. ९० लाख १ देखि १ करोड सम्म | १००००।०० | दशहजार रुपैया मात्र |
| ३० | रु. १ करोड १ देखि १ करोड २० लाख सम्म | १२०००।०० | बाह्रहजार रुपैया मात्र |
| ३१ | रु. १ करोड २० लाख १ देखि १ करोड ६० लाख सम्म | १६०००।०० | सोह्रहजार रुपैया मात्र |
| ३२ | रु. १ करोड ६० लाख १ देखि २ करोड सम्म | २००००।०० | बीसहजार रुपैया मात्र |
| ३३ | रु. २ करोड १ देखि २ करोड २० लाख सम्म | २५०००।०० | पच्चिसहजार रुपैया मात्र |
| ३४ | रु. २ करोड २० लाख १ देखि ३ करोड ३० लाख सम्म | ४००००।०० | चालिसहजार रुपैया मात्र |
| ३५ | रु. ३ करोड २० लाख १ देखि ४ करोड सम्म | ५००००।०० | पचासहजार रुपैया मात्र |
| ३६ | रु. ४ करोड १ देखि ५ करोड सम्म | ६००००।०० | साठीहजार रुपैया मात्र |
| ३७ | रु. ५ करोड १ देखि माथि जति भए पनि २ रुपैया प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने | | |

सरकारी तथा सार्वजनिक स्वामित्वमा रहेका सम्पत्तिमा यो कर छुटको ब्यवस्था रहेको छ ।

**सम्पत्तिको मूल्यांकन कसरी हुन्छ ?**

एकीकृत सम्पत्ति करकोलागि कुनै पनि ब्यक्ति वा संस्थाको नाममा नगरक्षेत्र भित्र रहेका जग्गा तथा संरचनालाई एकै स्थानमा ल्याई मूल्यांकन गरिन्छ । करदाताको सम्पत्तिको अभिलेख राख्न नगरपालिकाले करदातालहरुलाई आ आफ्नो सम्पत्तिको विवरण नगरपालिकालाई बुझाउन र थपघट भएमा अद्यावधिक गर्न अनुरोध गरिन्छ । जस अनुरुप सम्पत्ति विवरण बुझाउने तथा अद्यावधिक गराउने दायित्व करदाताको हुन्छ । यसरी करदाताले बुझाएको सम्पत्तिको मूल्यांकन जग्गाको हकमा नगरपालिकाको गठन गरेको मूल्यांकन समितिको सिफारिशको आधारमा सो भन्दा कम नहुने गरी करदाताको सहमतिमा मूल्यांकन गरिन्छ भने संरचनाको हकमा संरचनाको बनोटको किसिम, र संरचनाका प्रयोगलाई समेत विचार गरी मूल्यांकन समितिले तोकेको दरमा प्रति वर्ग फिटको दरले मूल्यांकन गरिन्छ ।

**छुट, जरिवाना तथा कारवाही सम्वन्धी ब्यवस्था के छ ?**

करदाताले प्रत्येक वर्षको एकीकृत सम्पत्तिकर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्ने ब्यवस्था छ । समयमै कर तिर्ने करदाताहरुलाई प्रोत्साहन स्वरुप त्यसै आर्थिक वर्षको पौष मसान्तभित्र बुझाएमा लाग्ने कररकममा दस प्रतिशत छुट दिने र आर्थिक वर्ष नाघेपछि पहिलो वर्ष लाग्ने करमा बीस प्रतिशत जरिवाना र त्यस पछि प्रत्येक वर्ष तिस प्रतिशतका दरले जरिवाना सहित असुल उपर गरिने ब्यवस्था छ । कर बक्यौता राख्ने करदातालाई नगरपालिकाको आकस्मिक वाहेकाका सेवा वन्द गर्ने, पाँच बर्षसम्म पनि कर चुक्ता नगरेमा घरजग्गा रजिस्ट्रेसन रोक्का राख्ने र रोक्का राखेको दस वर्षसम्म पनि करदाताले कर चुक्ता नगरेमा सम्बन्धित करदाताको सम्पत्ति प्रचलित कानुनबमोजिम लिलामबिक्री गरी कर तथा जरिबाना असुलउपर गर्न सकिने समेत ब्यवस्था छ ।

**दावी उजुरी सम्वन्धी ब्यवस्था के छ ?**

नगरपालिकाले गरेको मूल्यांकन माथि करदातालाई चित्त नबुझेमा विजक प्राप्त भएको ३५ दिन भित्र नगरपालिका प्रमुख समक्ष लिखित उजुरी दिनेसक्ने ब्यवस्था छ । त्यस उजुरी माथि नगरपालिकाले छानविन गरी उजुरी उचित पाईएमा संसोधन गर्न सक्ने ब्यवस्था छ ।

**नोट : बिस्तृत जानकारी फोन नं. ०२५५६२००५, ०२५५६२५६६ मा सम्पर्क राख्न तथा रामधुनी भासी नगरपालिका कार्यालयमा सम्पर्क गर्नुहोला ।**